# सकस उपन्यासमा पहिचान

❋ नवीन के.सी

nabinkc199@gmail.com

**अध्ययन सार**

*जगदीश घिमिरेका उपन्यासको सांस्कृतिक अध्ययन सन्दर्भमा प्रभुत्व चिन्तनअन्तर्गत पहिचान पनि एक आधार हो । पहिचान विभिन्न सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, लैङ्गिक, जातीय/जनजातीय एवम् वर्गीय विचारधाराको अन्तक्रियाबाट निर्मित हुन्छ । समुदायसँगको समानता र भिन्नताकै कारण पहिचानहरू निर्धारित हुँदै जान्छन् । यही पृष्ठभूमिमा घिमिरेका उपन्यासमा पहिचान अध्ययन गरिएको छ । सकस उपन्यासमा जीबाले आत्मावृतान्त सुनाउँदै जान्छन् र शरदले त्यसलाई टेपरेकर्डर गर्दछ । उपन्यासमा रामेछापको आञ्चलिकताभित्र वर्गीय, जातीय, धार्मिक सांस्कृतिक एवम् राजनीतिक घटनाक्रमको संयोजन गरिएको छ । उपन्यासमा पहिचानको ऐतिहासिक सन्दर्भ मात्र नभई स्थापित/विस्थापित विचारधारात्मक सामाजिक राजनैतिक सन्दर्भको पहिचान रहेको छ । त्यसैगरी इतिहास, राजनीति, समाज, संस्कृति आदि पक्ष समेटिएको आख्यान सन्दर्भका आधारमा बहुआयामिक पहिचान रहेको छ । ऐतिहासिक समय सन्दर्भदेखि वर्तमानसम्मको समयसान्दर्भिक विषयवस्तु समेटिएको छ । जसमा सत्ता वा शक्तिको केन्द्र मानिने सामन्त वर्ग र शक्तिकेन्द्रबाट किनारीकृत भएका वर्गको पहिचान रहेको छ । पहिचानका दृष्टिले सकस बहुसांस्कृतिक अस्तित्व भएको, बहुशक्तिकेन्द्रको उपस्थिति र उत्पीडनका बहुआयाम भएको उपन्यास हो । यसर्थ मूलसंस्कृति र सीमान्तकृत सांस्कृतिको पहिचान छ ।*

**मुख्य शब्दावली** : पहिचान, सांस्कृतिक अध्ययन, किनारीकृत, बहुसांस्कृतिक अस्तित्व र मूलसंस्कृति ।

## विषयपरिचय

जगदीश घिमिरे (२००२-२०७०) ले नेपाली साहित्यका क्षेत्रमा कथा, कविता, यात्रासंस्मरण, निबन्ध र नाटक प्रकाशित गरेका छन् । घिमिरेको विशिष्ट साहित्यक्षेत्र भनेको उपन्यास नै हो । शब्दकला र विषयगत गहनताले पाठकको मन खिच्न सक्ने उपन्यासकार घिमिरेका *लिलाम* (२०२७), *साबिती* (२०३२) र *सकस* (२०६९) गरी तीनवटा उपन्यास प्रकाशित छन् । यो अरू उपन्यासभन्दा परिपक्व र विशिष्ट पनि छ । उपन्यासमा पूर्वदीप्ति शैलीमा समाज, इतिहास र राजनीतिलाई आख्यानात्मक रूपकमा प्रस्तुत गरिएको छ । सामाजिक विकृतिहरूको सकसपूर्ण यथार्थलाई परिवर्तन चाहने प्रगतिशील चिन्तन प्रवाहित छ । प्राकृतिक प्रेम, कुप्रथा, हिंसाजन्य घटनाको प्रस्तुति भएको उपन्यासका रूपमा *सकस*लाई लिइन्छ । उनका उपन्यास सामाजिक यथार्थवादी तथा आलोचनात्मक यथार्थवादी पृष्ठभूमिमै रचना गरिएको प्रस्ट हुन्छ ।

सांस्कृतिक अध्ययनले मानवीय आचरण, स्वभाव र व्यवहारको समष्टि स्वरूपको बोध गराउँछ । यो विशिष्ट प्रकारको समालोचना पद्धति पनि हो । यस अध्ययनले कृतिमा वर्णित सांस्कृतिक पक्षलाई केन्द्रमा राखी त्यसको स्वरूप निर्धारण गर्दछ । साहित्यिक कृतिमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको अध्ययन गर्नुपर्दछ भन्ने मान्यता सांस्कृतिक अध्ययनकै विषय हो । प्रतिनिधित्वसँगै अन्तर्निहित भएर ऐतिहासिक, सामाजिक, स्थानिक एवम् विचारधारात्मक रूपमा पहिचान निर्मित हुन्छ । विमर्शात्मक संरचनाले कुनै पनि जाति, जनजाति, वर्ग र लिङ्गका पहिचानहरू निर्धारण गरेको हुन्छ । व्यक्तिको लिङ्ग, जाति, उमेर, भाषा, भूगोल, समाज, राजनीति, संस्कृति, आर्थिक स्थितिका पृष्ठभूमिबाट उसको पहिचान निर्मित भएको हुन्छ । समुदायसँगका समानता र भिन्नताकै कारण पहिचानहरू निर्धारित हुँदै जान्छन् । यस्ता पक्षको खोजी पहिचानअन्तर्गत पर्दछ । पहिचान कुनै पनि व्यक्ति वा समुदायका समान र भिन्न गुणहरूको आधारमा निर्माण हुन्छ । पहिचान वैयक्तिक र सामूहिक दुवै प्रकारको हुन्छ । वैयक्तिक पहिचान आत्मवर्णन र भावनात्मक पहिचान हो । कतिपय वैयक्तिक पहिचानहरूले सामाजिक

❋ **लेखक स्वतन्त्र अनुसन्धानको क्षेत्रमा सक्रिय छन् ।**

सांस्कृतिक स्वरूप प्राप्त गरेपछि ती सामुहिक पहिचानका रूपमा स्थापित हुन्छन् । पहिचान विचारधारात्मक रूपमा निर्मित र परिवर्तनशील हुन्छ । यो विभिन्न सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, लैङ्गिक, जातीय एवम् वर्गीय विचारधाराको अन्तर्क्रियाबाट निर्मित हुन्छ । व्यक्तिको लिङ्ग, जाति, उमेर, भाषा, भूगोल, समाज, राजनीति, संस्कृति, आर्थिक स्थितिका पृष्ठभूमिबाट उसको पहिचान निर्मित भएको हुन्छ । समुदायसँगका समानता र भिन्नताकै कारण पहिचानहरू निर्धारित हुँदै जान्छन् । त्यसैले समकालीन सांस्कृतिक अध्ययनमा पहिचान जाति, जनजाति, वर्ग, लिङ्ग, यौनिकता र उपसंस्कृतिको अध्ययनका लागि महत्त्वपूर्ण मानिएको छ । सांस्कृतिक अध्ययनको यही सैद्धान्तिक मान्यतालाई आधार बनाई प्रस्तुत लेखमा जगदीश घिमिरेको सकस उपन्यासको विश्लेषण गरिएको छ ।

### पहिचानसम्बन्धी अवधारणा

पहिचान सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण आधार हो । समकालीन राजनीतिमा यो केन्द्रीय विषय पनि हो । कुनै पनि व्यक्ति वा समुदायका समान र भिन्न गुणहरू रहेका हुन्छन् । पहिचान व्यक्तिको शरीरका विशेषता, वंशानुगत गुण, भौतिक स्वरूप, विश्वास, सांस्कृतिक अभिरुचि स्वाद, धारणा र सङ्केतहरूबाट निर्धारण हुन्छ । पहिचान वैयक्तिक र सामूहिक दुवै प्रकारको हुन्छ । व्यक्तिगत पहिचान नितान्त वैयक्तिक गुण र विशेषतासँग सम्बद्ध हुन्छ । यस्ता गुण र विशेषताहरू व्यक्तिले तात्त्विक रूपमा प्राप्त गरेको हुन्छ । वैयक्तिक पहिचान आत्मवर्णन र भावनात्मक पहिचान हो । कतिपय वैयक्तिक पहिचानहरूले सामाजिक सांस्कृतिक स्वरूप प्राप्त गरेपछि ती सामूहिक पहिचानका रूपमा स्थापित हुन्छन् । यस्ता वैयक्तिक पहिचान सामूहिक पहिचानलाई अर्थपूर्ण बनाउनका लागि मध्यस्थका रूपमा रहन्छन् । हामी को हौं ? को चेतनाबोध नै सामूहिक पहिचान हो । समुदायमा मानिसको वैयक्तिक, सामाजिक, सांस्कृतिक र राजनीतिक पहिचान हुन्छ । हरेक व्यक्तिको परिचय धार्मिक, जातीय, लैङ्गिक, भाषिक, राष्ट्रिय र संस्थागत लगायतका अन्य धरै परिप्रेक्ष्यहरूबाट साथसाथै निर्देशित हुन्छ (उप्रेती, २७६) । पहिचान स्थायी हुँदैन, यो ऐतिहासिक एवम् सामाजिक रूपले निर्मित हुन्छ । तत्त्ववादीहरू स्त्री वा पुरुष, समलैङ्गिक वा विपरीतलिङ्गी, हिन्दु वा मुस्लिम, नेपाली वा भारतीय आदि पहिचानलाई प्राकृतिक एवम् अपरिवर्तनीय पहिचान माने पनि निर्माणवादीहरू पहिचानका मापदण्ड प्राकृतिक नभएर ऐतिहासिक र राजनीतिक परिप्रेक्ष्यभित्र निर्मित भएका हुन्छन् (उप्रेती, २७७-२७८) भन्ने मान्दछन् । सांस्कृतिक अध्ययनमा पहिचान निर्माणवादीहरूको मतसँग सम्बन्धित छ । ऐतिहासिक दृष्टिले मान्छेका पहिचानका मानकहरू परिवर्तित भइरहेका हुन्छन् । प्राचीन, मध्यकालीन र आधुनिक समयका व्यक्तिका पहिचानहरू एउटै कालीन र औपनिवेश कालीन समयका पहिचान पनि भिन्न सारतत्त्व र सार्विक योग्यता नभएर विमर्शात्मक निर्मिति हो । पहिचानहरू सांस्कृतिकताबाट प्रभावित हुन्छन् तथा समुदायमा शक्तिसम्बन्धबाट निर्धारित हुन्छन् । सामाजिक सम्बन्धमा शासकहरूद्वारा आकार दिइएर समुदायमा लागू गरिएका हुन्छन् । जस्तै : अमेरिकी समुदायमा अश्वेत जातिलाई निगर, अफ्रिकन अमेरिकन, काला, निग्रो आदि पहिचान दिइएको छ । पहाडिया, मधेसी, नेपालीपन, गोरोपन जस्ता पहिचान सामूहिक रूपमा दिइएका हुन् । यी सम्पदाका रूपमा, संस्थागत रूपमा चयन गरिएका, संस्कृतिमा आधारित भौतिकता र विचारधाराको चयन तथा प्रदर्शनबाट निर्मित भएका हुन्छन् (ड्युरिङ, १४७) ।

पहिचान विचारधारात्मक रूपमा निर्मित र परिवर्तनशील हुन्छ । यो विभिन्न सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, लैङ्गिक, जातीय/जनजातीय एवम् वर्गीय विचारधाराको अन्तर्क्रियाबाट निर्मित हुन्छ । पहिचानहरू न त विशुद्ध छन् न त निश्चित, तर यी उमेर, वर्ग, जाति र राष्ट्रको अर्न्तसम्बन्धमा निर्माण हुन्छन् (बार्कर, २६०) । शासकीय स्वरूप र शक्तिसम्बन्धका कारण सांस्कृतिक समुदायका पहिचान भिन्नभिन्न हुन्छन् । यस्ता पहिचानहरू सार्विक नभएर स्थानिक हुन्छन् । पहिचानले नै व्यक्तिको स्थानको अनभूति र उसको व्यक्तित्वको मूल्य प्रदान गर्दछ तर यो सामाजिक सम्बन्ध र अन्य व्यक्तिसँगको संलग्नताबाट छुट्टिन्छ । यो सजिलै लादिएको मात्र नभई चयन गरी सक्रियतापूर्वक प्रयोग गरिन्छ र विशिष्ट सामाजिक सन्दर्भमा सीमित हुन्छ (गोल्डवर्ग र सोलोमस, ६) । समाजअनुरूप सत्यका स्वरूपहरू परिवर्तन हुने हुँदा जुन सामाजिक संरचनामा जेजस्ता विचारधाराहरू प्रवाहित हुन्छन् । सोहीअनुरूप पहिचान फेरिँदै जान्छ । आदर्शवादी र बहुलवादी समाजमा सांस्कृतिक समूहको पहिचान एउटै नभएर भिन्नभिन्न स्वरूपको हुन्छ । सांस्कृतिक समूहको पहिचान, इच्छा, उद्देश्य, अन्य समुदायसँगको

सम्बन्ध, संस्थागत संलग्नता, पेसागत भिन्नताका कारणले बन्ने हुँदा यसले उनीहरूका फरकफरक जीवनगत अनुभव निर्माण गरेको हुन्छ। समाजको स्वरूप र विचारधारा अनुरूप सबै किसिमका सांस्कृतिक, लैङ्गिक, राजनीतिक, जातीय परिचयहरू विभिन्न किसिमका अनुकरण वा नक्कलका प्रक्रियाहरू मार्फत निर्मित भएका हुन्छन् (उप्रेती, २३८-४०)। यस्तै नारीत्वको उपनियमको जालोभित्र निर्माण हुन्छ भने दलितको पहिचान जातीय समुदायमा निर्मित हुन्छ।

पहिचान कार्य, समय र स्थानअनुसार चिन्हित र परिवर्तित हुन्छ। जो जे काम गर्छ, त्यही काममा उसको कर्तृत्व प्रकट हुन्छ, पहिचान बन्छ। प्राध्यापक, वकिल, डाक्टर, इन्जिनियर, लेखक, नायक एवम् नायिकाहरू आआफ्नै कामले चिनिएका हुन्छन् (गौतम, ८४)। सांस्कृतिक अध्ययनका सन्दर्भमा कुनै पनि समुदायले आफूलाई कसरी हेर्छ र अरूले त्यो समुदायलाई कसरी हेर्दछन् र बुझ्दछन् भन्ने कुरा पहिचानको महत्त्वपूर्ण पक्ष हो। समुदायमा एउटा व्यक्ति वा समुदाय अर्को व्यक्ति वा समुदायसँग केही भिन्नता र समानता लिएर बाँचेको हुन्छ। त्यसैले पहिचान समानता र भिन्नतासँग सम्बन्धित छ (बार्कर, २१६)। यो प्रतिनिधित्व र समावेशितासँग सम्बन्धित हुन्छ। समुदायमा हुने प्रतिनिधित्वले नै पहिचानलाई निर्धारण गर्ने गर्दछ। अहिले नेपालमा धर्म, जाति, लिङ्ग, वर्ग, स्थापित, विस्थापित, जाति, जनजाति, उपेक्षित, पीडित सबै आआफ्नो पृथक् पहिचान राख्न चाहन्छन्। बहुसंस्कृतिवादी आजको युगमा हराएका समुदाय आफ्नो पृथक्ताले चिनिन चाहन्छ (गौतम, १६७)।

निष्कर्षमा पहिचान ऐतिहासिक, सामाजिक, स्थानिक एवम् विचारधारात्मक रूपमा निर्मित हुन्छ। विमर्शात्मक संरचनाले कुनै पनि जाति, जनजाति, वर्ग र लिङ्गका पहिचानहरू निर्धारण गरेको हुन्छ। व्यक्तिको लिङ्ग, जाति, उमेर, भाषा, भूगोल, समाज, राजनीति, संस्कृति, आर्थिक स्थितिका पृष्ठभूमिबाट उसको पहिचान निर्मित भएको हुन्छ। समुदायसँगका समानता र भिन्नताकै कारण पहिचानहरू निर्धारित हुँदै जान्छन्। त्यसैले समकालीन सांस्कृतिक अध्ययनमा पहिचान जाति, जनजाति, वर्ग, लिङ्ग, यौनिकता र उपसंस्कृतिको अध्ययनका लागि महत्त्वपूर्ण मानिएको छ। उपन्यासमा लिङ्ग, जाति र वर्गका स्वभावगत, शैलीगत, विश्वास, अभिरुचि लगायत सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, राष्ट्रिय एवम् संस्थागत पहिचानहरू केकस्ता रहेका छन् भन्ने कुराको खोजी र अध्ययन यसै आधारमा गर्न उपयुक्त हुन्छ।

**सकस उपन्यासमा पहिचान**

जगदीश घिमिरेको उपन्यास *सकस* (२०६९) जीवनकै उत्तरार्ध समयको कृति हो। सामाजिक सांस्कृतिक, ऐतिहासिक र राजनैतिक घटनाहरूको संयोजन गरिएको छ। समग्र विषयवस्तुलाई तीन चरणमा व्यवस्थापन गरिएको छ। 'कसको नोटबुक ?' उपशीर्षक सहित ५८ उपशीर्षकको योजना रहेको कथानक ३०६ पृष्ठमा समेटिएको छ। पूर्वदीप्ति/ आत्मसंस्मरण शैलीमा प्रस्तुत गरिएको उपन्यासको अनुच्छेद विभाजनमा एकरूपता पाइँदैन। *सकस*मा दुईसय पचास साल पूर्वदेखि वर्तमानसम्मका घटनाहरूलाई विषय बनाइएको छ। तथापि जीबा र शरदको संस्मरणभित्र पात्रहरू खेलेका छन्। नेपालको इतिहास र वर्तमान सम्मको राजनीतिभित्र जीबा र जीमाको कथा तथा शरद र कुमारीको कथा जोडिएर आएको छ।

एउटा पीडित बेपत्ता महिलाले दिएको नोटबुक देवीजीले कसैलाई पढ्न आग्रह गरेबाट *सकस* उपन्यासको कथानक आरम्भ भएको छ। उनी पञ्चायत कालदेखि नै महिला र बालहिंसाका विरुद्धमा समाजसेवा गर्दै आएकी हुन्। उपन्यासमा हिंसा प्राय आफन्तबाट बढी हुने भन्दै नोटबुक दिने महिला मधेसमूलकी भएको तथ्य व्यक्त गरिएको छ। जसकी छोरी बलात्कृत भएकी र उसको उद्धारको आग्रह गरिएको छ। जुन कुरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ....कसको हो ?
> कुनै वेपत्ता मान्छेको।
> तपाईँलाई कसले दियो ?
> यौटी पीडित महिलाले।
> ती कहाँ छिन् ?

ती पनि बेपत्ता छिन् (३) ।

प्रस्तुत दृष्टांशमा जातीय र भौगोलिक रूपले पृथक पहिचान भएकी महिलाको तथ्य उद्घाटन भएको छ। त्यसमा पनि सामाजिक सांस्कृतिक रूपले उत्पीडनमा परेको वर्गको पहिचान प्रस्तुत छ। यसर्थ *सकस* उपन्यासको प्रारम्भमा नै विशिष्ट पहिचान निर्माण गरिएको छ। यहाँ लैङ्गिक आधारमा महिला, सामाजिक, सांस्कृतिक रूपमा उत्पीडित, अधिकारविहिन चरित्रको पहिचान रहेको छ।

म पात्र सैलुनमा जन्म भई आमासहित चरिकोट मावल शरणमा पुग्दछ। उनका बुबा सिपालु चोर भएका र रन्डीबाजी गर्दै हिडेको प्रसङ्ग व्यक्त छ। उनले नाकानाकामा कान्छीहरू राख्ने, भट्टीपसल गर्ने तथा चेलीबेटी दलाललाई सुम्पने समेत गर्दथे। यो नेपाली समाजको विसङ्गतियुक्त सन्दर्भलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : उनलाई बर्को पनि बोक्न पर्दैनथ्यो। जतातती भट्टी नै भट्टी थिए, कान्छी नै कान्छी थिए, रोजी छाडि थिए। सधैं सुरासुन्दरी सहितको दशैं नै दशैं थियो। पैसा सकिएपछि चोरीको बाली टिप्न काठमाडौं जान्थे (१७)।

प्रस्तुत उदाहरणले तत्कालीन समाजमा काठमाडौं वरपरको विकृत समाजको पहिचान दिएको छ। नैतिकता गिरेका प्रतिनिधि पात्रहरूका माध्यमबाट समाजको स्वरूप र संस्कृतिको पहिचान गर्न सकिन्छ। जसले समाजको मूलधारमा पुरुषको बर्बरता चलेको तथ्य समेत सार्वजनिक भएको छ। भट्टी, कान्छी, सुरासुन्दरी, चोर जस्ता समाजका प्रवृतिहरू पहिचानका रूपमा प्रस्तुत छन्। साथै दशैंले नेपालीहरूको सांस्कृतिक पर्वको पहिचान दिएको छ। म पत्रले समाजमा भ्रष्ट, नैतिकताहीन संस्कृति भएका वर्गको प्रतिनिधित्व गरेको छ।

सकस उपन्यासमा पार्टीका रङ्ग उपशीर्षकमा जीबाले गरेको आत्मकथनमा राजनैतिक अवस्थाको चित्रण गरेको छ। खासगरी ४६ सालपछि विभिन्न दलहरूको एजेन्डा देश नभई सत्ता र भत्ता भएको भन्दै पार्टीका रङ्गहरू विभिन्न किसिमका भएको जीबाको आत्मकथनबाट प्रस्ट हुन्छ। राजनैतिक दलहरूले नैतिकता भुलेका, हरेक पार्टी सङ्गठन एनजिओ र आइएनजिओका आफ्नै भित्री र बाहिरी रङ्गको मिश्रणका रूपमा रहेको बत्ताएका छन्। यस्ता पार्टीका नामको कुनै अर्थ नहुने केवल रङ्ग हुनु र रङ्गले भाव बुझाउनु भनी राजनीतिमा जे देखिन्छ त्यो हुँदैन भनी चर्चा गरिएको छ। यस प्रसङ्गलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> *पहेंलो, रातो, नीलोको मिलावटबाट हजारौं रंग बनेका छन्। राजनीतिमा पनि यिनै रंगका तीन प्रमुख धार छन् र तिनैबाट सयौं पार्टी बनेका छन्। सैंतिस सालको जनमत सङ्ग्रहमा रंग र पार्टीहरूको तालमेल प्रस्ट देखिन्थ्यो। ....तर यौटा कुरा बुझिराखेस् - राजनीतिमा जे देखिन्छ त्यो हुँदैन, जे देखिन्न त्यो हुन्छ (३०-३१)।*

प्रस्तुत सन्दर्भमा नेपालका राजनैतिक दल र उनीहरूको वैचारिकतालाई रङ्गसँग तुलना गरेर प्रस्ट पारिएको छ। आफ्नो विचार वा सिद्धान्त भन्दा स्वार्थको झुण्डका रूपमा पार्टीहरूको पहिचान प्रस्तुत छ। २०४६ सालको कालिक स्थिति र राजनैतिक अकर्मणीयताको सुस्पष्ट पहिचान सकस उपन्यासको वैशिष्ट्यता पनि हो।

सकस उपन्यासको सन्दर्भअनुसार जीबाले आत्मावृत्तान्त सुनाउँदै जान्छन् र शरदले त्यसलाई टेपरेकर्डर गर्दछ। आत्मवृत्तान्तमा जीबाले संसार आँखा खोलेर भन्दा चिम्लेर चिनिन्छ भन्दै उमेरमा नबुझेको सत्य बुढेसकालमा बुझिने कुरा व्यक्त गरेका छन्। यसैक्रममा भोटे र बाका ठट्यौली कुरा सम्झँदै भोटेमा बहुपतिप्रथा र बाहुनमा बहुपत्नी प्रथा रहेको कुरा व्यक्त छ। यस सन्दर्भलाई उपन्यासमा यसरी भनिएको छ :

> *लामा भन्थे, बाजे तिमी सेतो रगत खान्छौ, हामी रातो दूध खान्छौं। कुरो उही हो। उही जीउबाट आउँछ तिमी दूध भन्छौ हामी रगत भन्छौं। आआफ्नु जातले पाएको कुरा हो। बा नाजवाफ भएर भन्थे, हुन्छ काम नपाएर एउटै कुरा। तिमर्का आइमाईका तीन-चारवटा पोइ हुन्छन्। त्यो पनि एउटै हो कि ? ... ए बाजे तिमर्का पनि त तीन चार वटी जहान हुन्छन् नि (४३-४४)।*

यस उदाहरणमा जातीय एवम् सांस्कृतिक प्रतिनिधित्वअन्तर्गत पहिचानको तह निर्माण भएको छ। भोटे जाति र ब्राह्मण जातिको पहिचान एउटा पक्ष हो भने अर्को पक्ष सांस्कृतिक मान्यता व प्रचलन हो। यस तथ्यले एउटै देश वा भूगोलमा पनि बहुजाति र बहुसांस्कृतिक पहिचान रहेको पाइन्छ। बाजे र भोटे भिन्न जात र सांस्कृतिका भएको हुनाले भोटेमा बहुपति प्रथा र बाजेहरूमा बहुपत्नी प्रथा रहेको तथ्यबाट प्रमाणित हुन्छ।

बहादुर शाहबाट शासनको बागडोर लिएका रणबाहदुर शाह बिलासी बन्दै गए। कान्तवती नामकी सुन्दरीलाई कुटुनी आमाछोरीको प्रयासमा राजाको दर्शन गराइयो। राजराजेश्वरीले समेत कान्तावतीलाई राजाको इच्छापूर्तिको लागि फकाइफुल्याई गर्न लागिन। राजाले पनि इच्छा विपरीत छुन समेत नछुने भनी आफू सरह सुविधा उपलब्ध गराउन आदेश दिएको प्रसङ्ग उपन्यासमा व्यक्त छ : रणका दिन पशुविलास र मल्लयुद्ध हेर्नमा बित्थे। साँझ नाचगानमा। रात नवकन्या विलासमा। ...राजराजेश्वरीले भनिन्, नरोऊ कान्तवती। महाराज तिमीलाई देख्ने बित्तिकै आसक्त होइबक्सेको छ। तिम्रो भाग्य चम्कने दिन आए (८७-८८)।

प्रस्तुत दृष्टांशका साथै समग्र उपन्यासलाई आधार बनाउँदा सकस उपन्यासमा पहिचानका बहुआयाम देखिन्छ। राजा र उच्च पदस्थहरू आफ्नो पद र शक्तिको दुरूपयोग गरी कसरी सामाजिक उत्पीडन गर्दछन् भन्ने तथ्यको सहज पहिचान गर्न सकिन्छ। अझ कान्तावतीले आफू गरिब बाहुनी र बालविधवा भएकाले पुनः विवाह हुँदा अनिष्ट हुने कुरा बताउँदै बाध्य नपार्न आग्रह गरेकी छन्। तर राजाले काम उत्तेजनाका लागि विभिन्न भोजन गर्ने र कान्तवतीलाई समेत आहारमा सम्पूर्ण कुरा मिसाएर खुआउन भन्नुले प्रभुत्व शैलीको क्रुरता थप स्पष्ट हुन्छ। अर्कोतर्फ कान्तावतीले आफ्नो छोरा राजाको उत्तराधिकारी बनाउन कन्या शुल्कको माग गरिन त्यसलाई राजाले सहज स्वीकार गरी कामदेवको आशीर्वादले एकअर्कामा कसिन पुगेको तथ्यले पुरुष र महिला वर्गको चिन्तनगत भिन्नताको पहिचान भएको छ।

उपन्यासमा रामेछापको आञ्चलिकताभित्र वर्गीय, जातीय, धार्मिक सांस्कृतिक एवम् राजनीतिक घटनाक्रमको संयोजन गरिएको छ। धर्मलाल जस्ता पात्रबाट गरिएको वर्गीय उत्पीडन एउटा उदाहरण हो। समाजमा ऋण खानुपर्ने बाध्यता एउटा पक्ष हो भने साहुहरूको कठोर व्यवहार अर्को पक्ष हो। साहुमाजनहरूले आसामीहरूप्रति गर्ने अमानवीय व्यवहारको चित्रण पाइन्छ। यस प्रसङ्गलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : धर्मलाल रिन नतिर्ने आसामीलाई बाख्राको खोरमा थुन्थ्यो। खोरले नपुगे ठिँगुरा ठोकेर बारीका कान्लामुनि बनाएको ओडार जस्तो सुरुङमा थुनेर बाहिरबाट ताल्चा लगाउँथ्यो (पृ.१३७ )।

माथिको उदाहरणमा धर्मलालको स्वभावबाट निरङ्कुश सामाजिक संरचना रहेको देखिन्छ। आसामीहरूलाई बाख्राको खोरमा थुन्ने, ठिङ्गुरा ठोक्ने, सुरुङमा थुन्ने, ताल्चा ठोक्ने आदि कर्मले कानुनी मान्यता र सामाजिक सांस्कृतिक पक्षको पहिचान दिएको छ। यो नेपाली समाजमा रहेको उत्पीडनको पहिचान नै हो। यसर्थ धर्मलाल प्रभुत्वशाली वर्गको पहिचान हुन् भने आसामीहरू सीमान्तकृत वर्गको पहिचान हुन्।

राजा वीरेन्द्रको समयकालको सन्दर्भलाई आधार बनाउँदा रामेछापका जनताको वैचारिक तह पहिचान गर्न सकिन्छ। जुनार खेतीका लागि प्रख्यात रामेछापका जनताले राजाबाट उक्त कुराको वैचारिक अनुमोदन गराउन गरेको छद्‌म व्यवहार अस्वभाविक लाग्दछ। टुँडिखेलमा कृत्रिम रूपमा जुनार खेती देखाएर राजाको मन जित्ने प्रयास गरेका छन्। सङ्कलित जुनार राजाको सवारपछि त्यहाँका जनताले लुछाचुडि गरेका छन्। यस प्रसङ्गलाई उपन्यासमा भनिएको छ : राजाको हेलिकप्टर उड्यो। रामेछापका प्रजाले राजारानीलाई देखाउन चिलाउनेका रुखहरूमा झुन्ड्याइएका जुनार बाँदरले जस्तो हारालुछ गरेर टिपे। गाडेका जुनारका बोट, हाँगा, पात, फल सबै धुस्नु पारे (१९५)।

प्रस्तुत उदाहरणमा रामेछापका जनताले देखाएको व्यवहारले वैचारिक तहको पहिचान दिएको छ। उपन्यासको यो प्रतिनिधि साक्ष्य र समग्र उपन्यासलाई अध्ययन गर्दा दुई धारको विचार पहिचान छ। सामन्त वर्ग सुहाउँदो वैचारिकता र सीमान्तकृतको

वैचारिकता प्रस्तुत छ। राजा शक्तिको केन्द्रको रूपमा रहेका छन्। प्रजाहरू सामन्त वर्गमैत्री व्यवहार गर्न उद्धत्त देखिन्छन्। किनारीकृत वर्गमा विकसित चिन्तन र व्यवहार सामाजिक सांस्कृतिक पहिचानका रूपमा प्रस्तुत छन्।

वि.सं.२००७ सालको प्रजातन्त्र प्राप्तिको सन्दर्भ सुनाउँदै जीबाले भन्नुभयो राजा त्रिभुवन शरणार्थी भई भारत गए, चारवर्षे ज्ञानेन्द्र राजा बने, विभिन्न ठाउँमा प्रजातन्त्रको लागि आन्दोलन चर्कियो र दिल्ली सम्झौता भई क्रान्तिकारी सहित नयाँ सरकार बन्यो। पन्ध्र सालमा संसद निर्वाचन भई बी.पी. प्रधानमन्त्री बने। काँग्रेस र कम्युनिस्ट केही नेताको सहयोगमा महेन्द्रले निरङ्कुश राजतन्त्र लागू गरेसँगै काँग्रेसले पून : हतियार उठायो। देशभरमा नेताहरूलाई सर्वस्वहरण सहित जन्म कैदको सजाय सुनाइयो आदि उपन्यासमा वर्णित तथ्यले पहिचानको ऐतिहासिक सन्दर्भ मात्र नभई स्थापित/विस्थापित विचारधारात्मकको पहिचान व्यक्त छ।

सकस उपन्यासमा एउटा विशिष्ट प्रसङ्ग प्रस्तुत छ। जुन लामो समयदेखि विरामी परेको शरद झोक्राइरहेको देखेपछि डा. अहमदलाई देखाउने निधो भयो। डाक्टरी उपचारका अलावा तान्त्रिक विधिको समेत प्रयोग गर्ने अहमदको विशेषता थियो। यो चिकित्सा क्षेत्र र अध्यात्मको संयोजन उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> *एमबिबिएस् पास गरेका सरकारी डाक्टर अहमद अस्पतालमा आउनेहरूको दीर्घ रोग फुकेर निकोपार्न नामी थिए। .... उनी पहिलोपटक आउँदा रामेछाप बजारमा हल्लाखल्ला भयो - अहमद भनेको त अछूत मुसलमान हो। यसको पानी चल्दैन। यसलाई घरमा पस्न दिनहुँदैन (पृ.२६१)।*

यस दृष्टांशले समाजमा विद्यमान छुवाछुत प्रथा कायम रहेको तथ्य पुष्टि गरेको छ भने अर्कोतर्फ डाक्डर भएर पनि तान्त्रिक विधिमा विश्वास गर्ने रुढि मान्यता पनि रहेको देखिन्छ। यसर्थ मान्छेमान्छेबीच विभेद गर्ने, जातीय घृणा गर्ने, रुढ विचार भएको समाजको पहिचान पाइन्छ। रामेछापको सन्दर्भले स्थानिक पहिचान र मुसलमानले नेपालको जातीय सामाजिक संरचनाको पहिचान दिएको छ।

सकस उपन्यासको कथानक सन्दर्भअनुसार कुमारी र मिथिला देवीजीले सञ्चालन गरेको पुनःस्थापना गृहका अन्तर्वासी हुन्। मिथिला जनकपुरकी थिइन्। उनी सडकमा फेला परेकी बालिकाका रूपमा त्यस गृहमा आइपुगेकी थिइन्। उनीहरू सहपाठी थिए। मिथिलाले जनकपुरको एउटा नर्सिङ होममा जागिर पाइन्। सीमान्तकृत बालबालिकाको अवस्थाको पहिचान दिएको छ। मान्छे कसरी सडकमा पुग्दछ र तिनीहरूको दिनचर्या कसरी बित्छ भन्ने प्रसङ्ग उल्लेख छ। पुन : स्थापन गृह साहाराको तत्कालीन माध्यम भए तापनि समग्र जीवनका लागि त्यो पर्याप्त नहुने देखिएको छ। यसर्थ उपन्यासमा नेपालका सहरी क्षेत्रमा सामाजिक, आर्थिक, सांस्कृतिक वा अन्य कुनै कारण बाध्यात्मक जीवन निर्वाह गर्ने वर्गको पहिचान रहेको देखिन्छ।

गंगासागरमा कालीबाबा अघोरी बस्थे। शरद उनकै सत्सङ्गमा लागको थिए। देशका ठुला-ठुला मन्त्री, नेता समेत बाबालाई भेट्न जाने गर्दथे। एकदिन शरद जीबाले भनेका नोटबुक पढ्दा-पढ्दै त्यहाँका घटनाक्रममा साक्षात्कार हुन पुग्दछ। त्यस अवस्थामा कुमरीले शरदलाई ब्युँझाउँछिन्। काठमाडौँ उपचार गराई कुमारी र शरद जनकपुर फर्के। शरद भने आफ्नो सिद्धिमुक्ति मार्ग खोल्न बाबाले दिएको मन्त्र जपी मौका पाए पिच्छे जीबाको साक्षात्कार गर्न थाल्यो। जुन कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> *कालीबाबासँग भेटेर विदा लिइसकेको थिएँ। ... छतमा गएर जीबालाई आह्वान गरैं। जीबा आकाशमा देखा परे। ... दुवै हातले इशारा दिएर बोलाए, एतै आइज। ... हामी काठमाडौं पुगियौं र सिँहदरबारको वरिपरि उड्न लाग्यौं। ... सिंहदरबारको झ्यालबाट अग्निवर्णका जस्ता पाँचवटा विशाल चरण बाहिर निस्केका थिए। एउटा पैतालामा चार तारा र अरू चारवटामा घन-हँसिया विशाल चिन्ह थिए (३०४)।*

यस तथ्यमा अग्निवर्णझैं मध्यपान र कामवासनामा लीन हुने सत्तालिप्सा बन्ने नेताहरूको प्रवृत्तिको पहिचान रहेको छ। त्यसैगरी सिंहदरबारको झ्यालबाट झुन्डिएका चरणहरूको प्रसङ्गले हाम्रो राजनैतिक अनाचरणको सङ्केत गरेको छ। अग्निवर्णको

मिथकीय प्रसङ्ग एवम् विम्बात्मक प्रस्तुतिमार्फत् वस्तुतथ्यमा भन्दा भाग्यवादी बन्नुपर्ने वैचारिकता प्रस्तुत छ। हाम्रो समाजमा अदृश्य शक्तिमाथि निर्भर हुनुपर्ने प्रमुख कारण राजनैतिक अकर्मण्यता नै हो भन्ने विचारको पहिचान गर्न सकिन्छ।

## निष्कर्ष

*सकस* उपन्यासमा पहिचानको सन्दर्भलाई हेर्दा विषयगत विविधता र सोही आधारमा पहिचानका अनेक आयामहरू रहेको देखिन्छ। इतिहास, राजनीति, समाज, संस्कृति आदि पक्षको चर्चा भएको आख्यान सन्दर्भका आधारमा सांस्कृतिक अध्ययनका दृष्टिले प्रभुत्वअन्तर्गत पहिचान निरूपण गर्दा अध्ययन बहुआयामिक भएको छ। ऐतिहासिक समय सन्दर्भदेखि वर्तमानसम्मको समयसान्दर्भिक विषयवस्तु समेटिएको छ। जसमा सत्ता वा शक्तिको केन्द्र मानिने सामन्त वर्ग र शक्तिकेन्द्रबाट किनारीकृत वर्गको पहिचान रहेको छ। राजनैतिक दृष्टिले सत्तापक्षी र प्रतिपक्षीको द्वन्द्वात्मक अस्तित्व पाइन्छ। त्यसैगरी उच्च वर्ग र सर्वहारा वर्गको उपस्थिति रहेको छ। पहिचानका दृष्टिले *सकस* बहुसांस्कृतिक अस्तित्व भएको, बहुशक्ति केन्द्रको उपस्थिति र उत्पीडनका बहुआयाम भएको उपन्यास हो। यसर्थ मूलसंस्कृति र सीमान्तकृत सांस्कृतिको पहिचान छ। मिथकीय, विम्बात्मक एवम् यथार्थवादी तथ्यहरूले निर्माण गरेको पहिचानका तहहरू प्रभुत्वमैत्री सीमान्तीय वैचारिकतामा केन्द्रित छन्।

## सन्दर्भ सामग्री


उप्रेती, सञ्जीव, *सिद्धान्तका कुरा,* काठमाडौं : अक्षर क्रियसन्स नेपाल, २०६८।

गिरी, अमर, सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी,* (भाग १९, असार, २०७०) ११-४६।

गोल्र्डबर्ग र सोलोमस, *अ कम्पोनियन टु रेसियल एन्ड इथ्निक स्टडिज,* युके : ब्ल्याक वेल पब्लिकेसन, सन् २००२।

गौतम, कृष्ण, कृतित्व/उत्तरकृतित्व, व्यक्तित्व/उत्तरव्यक्तित्व, पहिचान/उत्तरपहिचान, *भृकुटी* (पूर्णाङ्क १०, माघ-फागुन-चैत्र, २०६७), ८३-९०।

..............., *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स्, २०६८।

घिमिरे, जगदीश, *लिलाम* (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, २०६५।

............., *साबिती* (तेस्रो संस्क.), रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, २०६५।

............, *सकस,* रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, २०६९।

ड्युरिङ, साइमन, *कल्चरल स्टडिज : अ क्रिटिकल इन्ट्रडक्सन,* न्युयोर्क : रोटलेज, टेलर एन्ड फान्सिस ग्रुप, सन् २००४।

ढकाल, घनश्याम, उत्तरआधुनिकतावाद : सार एक रूप अनेक, *भृकुटी,* (पूर्णाङ्क १०, माघ-फागुन-चैत्र, २०६७), १९१-२०१।

नेपाल, चिरञ्जीवी, 'समाज, इतिहास र राजनीतिको त्रिवेणी सकस', *रचना : सकस मन्थन विशेषाङ्क,* (५३/१२४ वैशाख-जेठ, २०७०) ७४-७६।

पाण्डेय, ताराकान्त, 'संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद', *भृकुटी* (भाग १९, असार, २०७०) १७३-१९३।

बार्कर, क्रिस, *कल्चरल स्टडिज थियरी एन्ड प्राक्टिस* (तेस्रो.संस्क.), क्यालिफोर्निया : सेज पब्लिकेसन्स, सन् २००८।

भट्टराई, गोविन्दराज, *उत्तरआधुनिक विमर्श (सिद्धान्त र समालोचना),* काठमाडौं : मोर्डन बुक्स पब्लिकेसन, २०६९।

भट्टराई, रमेशप्रसाद, सांस्कृतिक अध्ययन : वर्तमान परिप्रेक्ष्य र दिशाबोध', *भृकुटी,* (भाग १९, असार, २०७०), ११३-१४१।

.............., 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* (भाग १९, असार, २०७०), ३३४-३६४।

लुइटेल, खगेन्द्रप्रसाद, *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६९ ।

शर्मा, मोहनराज, *समकालीन समालोचना, सिद्धान्त र प्रयोग,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५ ।

श्रेष्ठ, तारालाल, *शक्ति, स्रष्टा र सवार्ल्टन,* काठमाडौं : डिस्कोर्स पब्लिकेसन, २०६८ ।

सुवेदी, अभि, 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास', *रत्न बृहत् नेपाली समालोचना,* (सैद्धान्तिक खण्ड), काठमाडौं : रत्न पुस्तक भण्डार, २०६८) ।

सुवेदी, राजेन्द्र, 'सांस्कृतिक समीक्षणको कसीमा सकस उपन्यासको परीक्षण', *रचना : सकस मन्थन विशेषाङ्क,* (५३/१२४, वैशाख-जेठ, २०७०), ११-४२ ।

हल, स्टुवार्ट, *रिप्रिजेन्टेसन कल्चर एन्ड सिग्निफाइङ प्राक्टिसेज,* न्युदिल्ली : सेज पब्लिकेसन्स्, सन् १९९७ ।